**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरू साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

## कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी : Al Barakah Kuwait General Trading & Contracting Co ( CROWNE PLAZA /HOLIDAY INN HOTEL )
पूर्व स्वीकृति मिति २०७८/११/१३ पुन विज्ञापन स्वीकृति मिति २०७९/०९/२८ LT. No. 258687 चलानी नं. ६०१७५११९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब KWD | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Commis I | 5 | 5 | 140 | ६०,७५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Commis II | 5 | 10 | 120 | ५२,०७५ | | | | | | | |
| 3 | Housekeping Attendan | 7 | 4 | 100 | ४३,३९५ | | | | | | | |
| 4 | Kitchen Steward. | 11 | 0 | 100 | ४३,३९५ | | | | | | | |
| 5 | Laundry Attendant | 10 | 5 | 100 | ४३,३९५ | | | | | | | |
| 6 | Receptionist / Gsa | 5 | 5 | 200 | ८६,७९० | | | | | | | |
| 7 | Waiter/waitress | 5 | 6 | 120 | ५२,०७५ | | | | | | | |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ माघ ६ गते (20th Jan. 2023) सम्म हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** नि:शुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य, लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Supreme Overseas Pvt. Ltd.**
श्रम ईजाजत नं. ३०१/०५९/०६०
Koteshwor-35, Kathmandu, Nepal.
Phone: +977-1-4610716, 9813327241, 9741877355, 9841359033, 9851107202
Email: supremeovs@yahoo.com, supremeover301@gmail.com,
Web: www.supremeoverseas.com.np

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

### 'अ'समावेशी प्रदेश

मुलुकमा विभिन्न आन्दोलन र संघर्षहरूबाट प्राप्त उपलब्धिहरूमध्येको एक हो– समावेशिता । अवसरबाट वञ्चित महिला, दलित, आदिवासी जनजाति, पिछडिएका जाति/वर्गलाई राज्यको मूलधारमा ल्याउन यो व्यवस्था गरिएको थियो। २०६२/६३ को जनआन्दोलनपछि मुलुकमा गणतन्त्र आयो। नेपालको संविधान–२०७२ मार्फत संघीय संरचनामा कार्यान्वयनमा ल्याइयो । यी सबै व्यवस्था आउनुको पछाडि नेकपा माओवादी (हाल माओवादी केन्द्र)ले चलाएको १० वर्षे सशस्त्र युद्ध (जनयुद्ध), मधेस आन्दोलन, थारु, आदिवासी जनजाति तथा विभिन्न समुदायले चलाएका आन्दोलनहरूको योगदान छ । संघीयता कार्यान्वयनमा आएपछि समावेशिताको नीति पूर्ण कार्यान्वयनमा आउने अपेक्षा गरिएको थियो तर विगतमा यही व्यवस्थाका लागि आन्दोलनको नेतृत्व गरेका दलहरूबाटै यसको उल्लंघन हुन पुगेको छ ।

सन्दर्भः प्रदेशका मुख्यमन्त्री छनोटको हो । मुलुकमा संघीयता कार्यान्वयनपछि दोस्रो कार्यकालका लागि सातवटै प्रदेशमा मुख्यमन्त्री चुनिएका छन् । यसरी मुख्यमन्त्री चुन्ने क्रममा दलहरूबाट समावेशी नीतिलाई ठाडो उल्लंघन गर्ने काम भएको हो । सातवटा प्रदेशमा मुख्यमन्त्री चुनिँदा मधेस प्रदेशमा सरोजकुमार यादवबाहेक छ वटा प्रदेशमा खस आर्य समुदायबाट मुख्यमन्त्री बनेका छन् । र, सातवटै प्रदेशका मुख्यमन्त्री पुरुष छन् । आधाभन्दा बढी जनसंख्या भएको महिलालाई एउटा प्रदेशमा पनि अवसर दिइएन ।

विशेषगरी अहिले नेकपा एमालेबाट चार, नेकपा माओवादी केन्द्रबाट दुई तथा जनता समाजवादी पार्टीबाट एक जना मुख्यमन्त्री भएका छन्। एमाले उसै पनि समावेशिताको सवालमा अनुदार रहँदै आएको छ। तर, माओवादी केन्द्र समावेशिताको मुद्दा लिएर नै यहाँसम्म पुगेको यथार्थ लुकेको छैन। मुख्यमन्त्री छनोटमा न एमाले न माओवादी, कुनै पनि दल महिला, दलित, आदिवासी जनजातिलगायतको समावेशी सहभागिताका लागि उदार बन्न सकेनन्।

प्रदेश हाँक्न सक्षम महिला नेतृ नभएका होइनन्, अहिले पुरुषलेभन्दा सक्षम नेतृत्व दिनसक्ने महिला नेतृहरू सबै पार्टीमा छन्। खस आर्य समुदायबाहेकका समुदायबाट पनि उक्त सम्हाल्न सक्षम नेताहरू छन्। तर, उनीहरूलाई किन अवसर दिइएन ? यो गम्भीर प्रश्न हो । आफ्नै अग्रसरतामा ल्याएको व्यवस्थाको सवल कार्यान्वयनमा अनुदार बन्नु दलहरूको गैरजिम्मेवारीपन मात्र होइन मुलुकको लागि दुर्भाग्य हो । जुनसुकै राजनीतिक व्यवस्था आए पनि पितृसत्तात्मक र एकल जातीय मानसिकताबाट बाहिर आउन नसक्नु दलहरूको ठूलो कमजोरी हो।

उसो त केन्द्रमा रहेका नेताहरूले प्रदेशलाई अधिकारविहीन बनाएर प्रदेशको औचित्यतामाथि नै प्रश्न उठिरहेको अवस्था सिर्जना गरेका छन्। संघीयताको प्रमुख खम्बा प्रदेश हो। संघीयतालाई स्थापित गर्न प्रदेश सरकारको भूमिका महत्त्वपूर्ण हुन्छ । तर, केन्द्रीकृत मानसिकताका कारण प्रदेशमा अधिकार प्रत्यायोजन नगरिँदा प्रदेश खारेजीको माग बढ्दै गएको छ । भर्खरै आएको व्यवस्थालाई सवल बनाउनुको सट्टा कमजोर बनाउने कार्य मुलुकको लागि घातक बन्ने निश्चित छ। दलहरूको यस्तो कार्यप्रति निरन्तर खबरदारीको खाँचो छ । नवनियुक्त मुख्यमन्त्रीहरूसमक्ष आगामी पाँच वर्षमा प्रदेशलाई सबल र प्रभावकारी बनाउनुपर्ने जिम्मेवारी छ । कमजोर बन्दै गएको संघीयताको खम्बालाई बलियो बनाउने गरी काम गर्न आवश्यक छ । आगामी पाँच वर्षमा पनि प्रदेशको भूमिकालाई प्रभावकारी बनाउन नसके प्रदेश संरचना खारेजीतर्फ जानेमा मुख्यमन्त्रीहरू सचेत बनून् ।

## मनन्योग्य

### चाणक्य नीति

चाणक्य र चन्द्रगुप्तको बीच गोप्य कुरा भइरहेथ्यो । यत्तिकैमा कसैको आउने सूचनाको घन्टी बज्यो । चाणक्य सतर्क भए । विशेष यन्त्रले प्रमुख प्रहरीसँग आउन लागेको मानिस को रहेछ सोधेँ । प्रहरीले कुनै सिकारी आफ्नो नाउ वनराज भन्ने बताउँछ भन्यो । पानी खतराबाट माथि छ, चाणक्यले सम्मानसहित लिएर आऊ भनी अह्राए । आउने व्यक्ति चाणक्यद्वारा प्रमुख गुप्तचर त्रिनेत्र थिए ।

चाणक्यले उनलाई हेर्दै भने- 'भन त्रिनेत्र ! मगधका नागरिकको के प्रतिक्रिया छ ।' सम्मानपूर्वक शिर निहुराई त्रिनेत्रले भने-'पूज्यवर प्रजा चारैतिर परस्पर विरोधी कुरा गर्दछन् ।' राजदरवारबाट निर्णय नै नभई नन्दको वधका कारण विद्रोहले थाहा भएन कहाँबाट यो उब्ज्यो, जसले विरोधको आगोलाई बढाइरहेको छ । हुँ ... हुँकार गर्दै चाणक्य गम्भीर भए- 'यो सबै राक्षसको योजना हो । चन्द्रगुप्त देख्यौ वास्तविक जित अझै टाढा छ', भन्दै त्रिनेत्रसँग भने- 'विरोध शान्त पार्नलाई के प्रयत्न भयो ?'

त्रिनेत्र-सम्पूर्ण प्रयत्न विफल भइरहेछन् । चन्द्रगुप्तको कुरा मुखबाट निक्लिदै नागरिक आइलाग्छन् । सोच्दासोच्दै कसरी रात बित्यो, कतिखेर सूर्योदय भयो, थाहै भएन चाणक्य अधीर हुँदै यताउता टहल्दै थिए । चन्द्रगुप्त र त्रिनेत्र मात्र उत्कण्ठाले हेरिरहेथे । धेरै समयपछि अचानक उनको वाक्य फुट्यो, त्रिनेत्रलाई भने-'आँधी आउनुभन्दा पहिल्यै त्यसलाई रोक्नुपर्छ, तिमी व्यापारी, नागरिक, रेखदेख गर्ने, मदिरा बेच्ने आदि भेषमा र साधुका भेषमा समेत आफ्ना गुप्तचर लगाऊ । छिमेकी राज्यमा पनि विश्वस्त साथीहरूको जाल फैलाऊ, मिनेट मिनेटको खबर प्रत्येक रातमा मैले पाउनुपर्छ । अनि प्रजामा पनि यो समाचार फैलाऊ कि चन्द्रगुप्त धेरै परिश्रमले गर्दा अस्वस्थ छन्, अतः राज्याभिषेक केही दिनका निम्ति स्थगित गरिएको छ ।'

क्रमशः

# जाडोमा हृदयाघातको उच्च जोखिम



डा. ओममूर्ति अनिल
वरिष्ठ मुटुरोग विशेषज्ञ

*नेपालमा उच्च रक्तचाप, मधुमेह, उच्च कोलेस्ट्रोल हृदयाघात र मस्तिस्कघातजस्ता नसर्ने रोगहरूको प्रकोप बढ्दै गइरहेको छ । यस किसिमका रोगबाट हुने क्षतिले व्यक्ति, समाज र अन्ततः राष्ट्रलाई नै असर पार्न सक्ने भएकाले यी नसर्ने रोगहरूको प्रमुख कारण अस्वस्थ जीवनशैली हो भन्ने सबैले बुझ्न आवश्यक छ । अस्वस्थ जीवनशैली नै मुटसम्बन्धी रोगको प्रमुख कारण भएकाले आवश्यक उपाय अहिलेदेखि नै अवलम्बन गर्नुपर्ने हुन्छ । नभए भोलि प्रत्येक परिवारमा उच्च रक्तचाप, मधुमेह, उच्च कोलेस्ट्रोल, हृदयाघात वा अन्य मुटुरोगका बिरामी हुनेछन् । नेपालले स्वास्थ्य क्षेत्रमा निकै प्रगति गर्न सके पनि नसर्ने रोगको समस्या दिनप्रतिदिन बढ्दै गएको छ । उपचार सेवा र चिकित्सकहरू सहरी क्षेत्रमा नै केन्द्रित हुँदा ग्रामीण क्षेत्रका जनता आधारभूत जानकारी र अवसरबाट वञ्चित छन् । बालबालिका र युवाहरूमा बढ्दै गइरहेको अस्वस्थ आहारको सेवन, शारीरिक गतिविधिमा कमी, धूमपान, मदिरापानले भोलिको नेपाललाई अस्वस्थ बनाउने देखिन्छ । निम्न र मध्यम वर्गीय नेपालीहरूका लागि मुटुरोगको उपचार महँगो र असहज भएका कारणले यसको रोकथाम तथा नियन्त्रण नै एकमात्र विकल्प रहेको छ । यतिबेला चिसो मौसमका कारण मुटुको समस्या भएका बिरामीको संख्या धेरै रहेको पाइन्छ । चिसो समयमा अस्पताल वा क्लिनिकहरूमा बिरामीको संख्या ह्वात्तै बढ्ने गर्दछ । उच्च रक्तचाप, मधुमेह, उच्च कोलेस्ट्रोलजस्ता रोगहरूको समयमै उचित उपचार भएमा मुटुरोगको प्रकोपलाई घटाउन सकिने वरिष्ठ मुटुरोग विशेषज्ञ **डा. ओममूर्ति अनिल** बताउँछन् । खासगरी चिसो याममा मुटुरोगबाट कसरी स्वस्थ रहन सकिन्छ भन्ने विषयमा डा. अनिलसँग राष्ट्रिय समाचार समिति (रासस)का आलेख प्रमुख कृष्ण अधिकारीले गरेको कुराकानी संक्षेपमा यहाँ प्रस्तुत गरिएको छः*

चिसो बढेसँगै जनजीवन नराम्ररी प्रभावित भएको छ । जाडो मौसममा विभिन्न प्रकारका रोगहरू लाग्ने गर्छन् । चिसोले निम्त्याउने स्वास्थ्य समस्याहरूमा मुटुसम्बन्धी समस्या मुख्य रहेको छ । चिसोले रक्तनली र शरीरमा सीधा प्रभाव पार्दछ । चिसोका कारण शरीरमा उत्पन्न हुने रसायन वा हर्मोनहरूले मुटुको चाल वा धड्कन बढाउन मद्दत गर्ने हुँदा मुटुभित्रका नलीमा रक्त सञ्चार अवरुद्ध गर्ने र रगत जम्ने सम्भावना बढ्न जान्छ । गर्मीको तुलनामा जाडो मौसममा मानिसमा मुटुरोगसम्बन्धी जोखिम बढी रहने गर्दछ । यस्तो अवस्थामा बिरामी र वृद्धहरूलाई हृदयाघात हुने सम्भावना बढी हुने गर्दछ ।

रक्तचापको नियन्त्रण नगरेमा हृदयाघातको खतरा दुई गुना बढी हुन्छ । मधुमेहले पनि हृदयाघातको जोखिमलाई दुईदेखि तीन गुना बढाउँछ । लामो समयसम्म मधुमेह भएको व्यक्तिलाई यसको खतरा झन् बढी हुन्छ । मधुमेहका रोगीमा रक्तचाप र कोलेस्ट्रोलको राम्रो नियन्त्रण नभएमा हृदयाघातको खतरा झन् बढी हुन्छ । संसारभरि नै हेर्ने हो भने सबैभन्दा बढी मानिसको मृत्यु मुटु र रक्तनलीसम्बन्धी रोगहरूले हुने गर्छ । हृदयाघात र मस्तिष्कघात नै मुटु र रक्तनलीसम्बन्धी प्रमुख रोगहरू हुन् । हृदयाघातपछि सबैभन्दा बढी मानिसको मृत्यु मस्तिस्कघातले हुने गर्दछ ।

गर्मीको तुलनामा जाडो मौसममा मानिसमा मुटुरोगसम्बन्धी जोखिममा बढी हुने हुँदा संसारभर नै चिसोको बेला मुटुका रोगीको संख्या बढ्ने गर्दछ। मुटुको रोगको जटिलता बढ्दा मृत्युको संख्या पनि बढ्न जाने अनुसन्धानबाट पुष्टि भएको छ। चिसोको समयमा हृदयाघातमात्र होइन, मस्तिष्कघात पनि बढी हुने गर्दछ । चिसोमा रक्तसञ्चार प्रणालीमा बढी समस्या आउने गर्दछ । यसले गर्दा व्यक्तिको उच्च रक्तचाप बढ्ने, रक्त प्रवाहमा गडबडी गर्दछ। जसले गर्दा मुटुमा रक्तसञ्चार कमी हुन्छ । छाती दुख्ने, मुटु ढुकढुक हुने हुन्छ भने कतिपयलाई हृदयाघात पनि हुन्छ । जाडोमा कोलेस्ट्रोलको मात्रा पनि बढी हुन्छ ।

जाडो मौसममा चिसोका कारणले हाम्रो शरीरमा विभिन्न रसायन वा हार्मोनहरू बढ्न जान्छ । शरीरमा उत्पन्न हुने हर्मोनहरू हुन् जसले मुटुको चाल वा धड्कन बढाउन मद्दत गर्छन् । ती हार्मोनहरूले हाम्रो रक्तनलीलाई साँघुरो बनाउँछ । चिसोका कारण मुटुभित्रका नलीमा रक्तसञ्चार अवरुद्ध गर्ने र रगत जम्ने सम्भावना बढाइदिन्छ । यसले गर्दा रगतको नशामा जम्ने हुन्छ। मुटुको रक्तनलीमा भयो भने हृदयाघात हुन्छ भने यदि मस्तिष्कको नलीमा भयो भने मस्तिष्कघात हुन्छ ।

यस्तै वायु प्रदूषण, शारीरिक व्यायाममा कमी, मानसिक दबाब, खानपानमा खराबी र मौसमका कारण पनि हृदयाघातको खतरा बढ्छ । जो व्यक्तिहरूको मुटु कमजोर हुन्छ, उनीहरूमा रोग लाग्ने सम्भावना बढी हुन्छ । मौसम खराब हुने कारण सबैभन्दा बढी समस्या श्वासप्रश्वासमा पर्छ। यसका साथै, फ्लु र निमोनियाजस्ता रोगहरू हुने सम्भावना जाडो मौसममा धेरै हुन्छ । यसैले जाडो मौसममा हाम्रो शरीर र मुटुलाई शरीरको तापमान सन्तुलनमा राख्न विशेष ध्यान दिनुपर्छ ।

**जोखिममा रहने वर्ग**

उमेरले ६० नाघेका मानिसहरू मधुमेह वा दमका रोगी, अन्य रोग लागेका वा पहिल्यैदेखि मुटुसम्बन्धी समस्या भएका व्यक्तिहरू बढी जोखिममा पर्दछन् । मुटुसम्बन्धी समस्या भएका व्यक्तिहरूमा मुटुको अनियमित चाल, उच्च वा न्यून रक्तचाप, बाइपास सर्जरी गरेका वा मुटुको काम गर्ने शैलीमा समस्या भोगेका बिरामीहरूलाई लिन सकिन्छ ।

यस्ता जोखिम वर्गमा रहेका व्यक्तिले विशेष सतर्कता अपनाउनुपर्छ । मुटुको परीक्षण गर्नुपर्छ । चिसोमा हिँड्न भएन, चुरोट मदिरा सेवन गर्नु भएन । कुनै औषधि नियमित सेवन गरिरहेका व्यक्तिले अझ बढी सचेत भई औषधि नछुटाई खानुपर्छ । जोखिममा रहेका व्यक्तिमा मुटुरोगी, दमका रोगी र अन्य दीर्घरोगी (मिर्गौला, कलेजो र मस्तिष्क)का बिरामी पर्दछन् ।

**बच्ने उपाय**

मुटु बचाउन चिसोबाट बच्नु पहिलो र महत्त्वपूर्ण उपाय हो । सबै व्यक्तिले चिसोबाट बच्नुपर्छ । घरभित्र बस्दा र घर बाहिर जाँदा पनि न्यानो कपडा लगाउनुपर्छ । बिहानै अति चिसोमा गरिने हिँड्डुल कम गर्ने वा बन्दै गर्नुपर्छ । चिसो समयमा उच्च रक्तचाप, मधुमेह र कोलेस्ट्रोललाई राम्रो अवस्थामा राख्नुपर्छ । सामान्यतः ६० वर्षभन्दा माथिका व्यक्ति बढी जोखिममा रहेका हुन्छन् । उच्च कोलेस्ट्रोलले हृदयाघातको खतरा तीन गुना बढाउँछ । कोलेस्ट्रोलको मात्रा रगतमा जति धेरै हुन्छ, हृदयाघातको खतरा पनि त्यति नै बढी हुन्छ ।

चिसो समयमा प्रायः रक्तचाप, मधुमेह र कोलेस्ट्रोलको मात्रा बढ्ने गर्छ । यतिबेला कतिपय बिरामीलाई औषधि परिवर्तन गर्नु हुनसक्छ । त्यसैले त्यस्ता रोगीहरूले समय-समयमा चिकित्सकसँग स्वास्थ्य परीक्षण गर्नुपर्छ । स्वास्थ्यसम्बन्धी कुनै पनि प्रकारको समस्या आएमा चिकित्सकको सल्लाह लिनुपर्छ । आफ्नो स्वास्थ्य अवस्थाका बारेमा जानकारी राख्नुपर्छ ।

स्वस्थ मुटुका लागि खानपानमासमेत विशेष ख्याल गर्नुपर्छ । चिसोको महिना धेरै चिल्लो कुरा खानु हुँदैन । चुरोट सेवन, मदिरा सेवन गर्नु हुँदैन । त्यस्तै बोसोयुक्त खाना बढी खाने गरिन्छ, जुन मुटुका रोगीहरूका लागि राम्रो होइन । विशेषगरी जाडो छल्न भन्दै बढ्ने चुरोट र मदिरापानमा नियन्त्रण गुमाउँदा धेरै मानिसहरूमा मुटुको जोखिम बढ्ने र कसै-कसैको यही बेला हृदयाघात भई मृत्यु पनि हुने गर्दछन् । धूमपानले हृदयाघातको खतरा दुईदेखि चार गुना बढाउँछ ।

जाडोमा व्यायाम पनि कमै गरिन्छ । यसले गर्दा थप जोखिम बढ्न जान्छ । योग, ध्यान, शारीरिक व्यायाम आदिलाई बढाउनुपर्छ । मोटोपन घटाउनुपर्छ । निद्रा पुग्नेगरी सुत्नुपर्छ । स्वास्थ्य व्यक्तिले पनि दैनिक व्यायाम, बिहानको हिँडाइ गर्न छाड्न हुँदैन । काठमाडौं उपत्यकामा साँझको समय बढी हावा चल्ने हुँदा यस्तो बेला हिँड्नु थप जोखिमपूर्ण हुनेछ ।

रोग लागेर उपचार गर्नुभन्दा रोग लाग्न नै नदिनु बुद्धिमानी हुने भएकाले यसतर्फ सबै सचेत हुन आवश्यक छ । स्वस्थ आहार र व्यायामले नै शरीरका अंगहरूलाई स्वास्थ राख्न मद्दत गर्दछ । वनस्पतिहरूबाट प्राप्त हुने प्राकृतिक खानेकुराहरूलाई स्वस्थ आहार भनिन्छ । फलफूल र सागसब्जीमा भएको भिटामिन, मिनरल्स, फाइबर र अन्य पदार्थहरूले रक्तनली, मुटु र मस्तिष्कलाई स्वस्थ राख्छ । फलफूल र सागसब्जीमा पाइने भिटामिनहरूले हाम्रो रोग निरोधक क्षमतालाई बढाउँछ र संक्रमण हुनबाट बचाउँछ । त्यसैले बजारमा पाइने तयारी खानेकुरा, विलासी जीवनशैली र मानसिक तनावबाट मुक्त हुनु नै निरोगी र दीर्घजीवी बन्ने उपाय हो ।

*(डा. अनिल हाल ग्राण्डी इन्टरनेसनल अस्पतालमा मुटुको शल्यक्रियामा संलग्न छन् भने बसुन्धरामा उनको आफ्नै नेसनल कार्डियाटिक सेन्टर सञ्चालनमा छ)*

## पत्र–मञ्जुषा

### जनताको पैसा डुबाउने सहकारीलाई संरक्षण !

नयाँ सरकार आउनेबित्तिकै जनताले धेरै आशा गरेका थिए । बेथिति, महँगी, ठगी, भ्रष्टाचार र कालोबजारी बन्द होला भन्ने जनताको अपेक्षा थियो । नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रधानमन्त्री नेतृत्वको सरकारमा गृहमन्त्री रवि लामिछाने छन् । देशमा भएको बेथिति रोक्नमा सबैभन्दा ठूलो हात गृहमन्त्रीको हुन्छ । बिचौलिया समात्ने, महँगी नियन्त्रण गर्ने, भ्रष्टाचार रोक्ने जिम्मेवारी गृहमन्त्रीको हो । प्रधानमन्त्रीले त गृहमन्त्रीले लगेको प्रस्ताव स्वीकृत गरिदिने मात्रै हो ।

तर, गृहमन्त्री लामिछानेले आफ्नो काम निष्ठापूर्वक निर्वाह गर्न सकेका छैनन् । पाइलैपिच्छे जनता ठगिएका छन्, बिचौलियाले लुट्नसम्म लुटेका छन् । यद्यपि, गृहमन्त्री लामिछानेले तिनलाई रोक्न केही योजना ल्याएका छैनन् । उनी निरीह भएर जनता लुटिएको तमासा हेरिरहेका छन् ।

महँगीले सीमा नाघिसकेको छ, त्यसमाथि पनि ठगीधन्दा ह्वात्तै मौलाएको छ । पहिले पनि ठगी त हुन्थ्यो तर अहिले सो क्रम अत्यन्तै बढेको छ । कसैले घरजग्गा सस्तोमा मिलाइदिन्छु भनेर ठग्ने । रोजगारीको आश्वासन दिएर पनि सर्वसाधारण ठग्ने गरिएको छ । विदेश जानेहरू पनि बिचौलियाबाट उत्तिकै लुटिरहेका थिए । पछिल्लो समय सबैभन्दा धेरै ठगीधन्दा सहकारीमा देखिएको छ । सहकारीले जनता लुट्नसम्म लुटेको छ। पाइलैपिच्छे सहकारीपीडित भेटिन थालेका छन् ।

सरकारी कार्यालयमा बिदा हुँदैन तर सहकारी प्रायःजसो ठप्प हुन्छ । सरकारी कार्यालयले सेवा दिइरहेको हुन्छ यता सहकारी बन्द हुन्छ। जसले गर्दा बचतकर्ताहरू आत्तिएका छन् । उनीहरू आफू डुब्यो भनेर तनावमा परेका छन् । सहकारीका सञ्चालकहरू भागीभागी हिँडेका छन् । कोही सम्पर्कमा आउँदैनन् । यता, कर्मचारी पनि लुकेर हिँडेका छन् । जसका कारण लाखौं सर्वसाधारण चिन्ताले पिरोलिएका छन् । अहिले सहकारीले नठगेको र नलुटेको घर नै भेटिँदैन ।

हरेक पसले सहकारीबाट पीडित छन् । उनीहरूको रामकहानी सुन्न सकिँदैन । बाटोमा बसेर साग, चटपटे बेच्नेदेखि चिया पसलेसम्मले सहकारीमा पैसा राखेका छन् । २० हजारदेखि तीन करोड रूपैयाँसम्म रकम राख्नेहरू भेटिन्छन् । कतिले जिन्दगीभर कमाएको पैसा सहकारीमा राखेका छन् त कतिपयले घरजग्गा बेचेर । सञ्चय कोष झिकेर ब्याजको लोभमा सहकारीमा पैसा राखेका छन् । सहकारीले जनताको पैसा लिएर भाग्दा गृहमन्त्री लामिछानेले त्यस्ता सञ्चालकको किन खोजतलास गर्दैनन् ?

जनता ठग्नेलाई समातेर कारबाहीको दायरामा ल्याउने काम त गृह मन्त्रालय मातहतमा पर्दछ । तर, गृहमन्त्री लामिछाने चुपचाप बस्दा जनतामा आशंका पैदा भएको छ । कतै उनले सहकारी सञ्चालकसँग मिलेर आर्थिक चलखेल त गरेका छैनन् ? हरेक जनतामा उब्जिएको प्रश्न हो यो । सर्वसाधारण ठग्ने सहकारीका सञ्चालकलाई समातेर जेल हाल भनेर गृहमन्त्री लामिछानेले अहिलेसम्म प्रहरी प्रशासनलाई निर्देशन दिएका छैनन् ।

सहकारीमा समस्या देखिएको करिब एक वर्ष हुन लागिरहेको छ । तर, अझै पनि सरकार मौन बसेको छ । सहकारी सञ्चालकहरू दिन्छौं भन्छन् तर पैसा फिर्ता गर्दैनन् । कतिपय त भागिसकेका छन् । बाँकी भएकाहरूले पनि ब्याज दिन सकिरहेको अवस्था छैन । न साँवा पाएका छन् न ब्याज । बचतकर्ता त हेरेको हेर्‍यै भएका छन् । एक रूपैयाँ हातमा नपरेको गुनासो गर्छन् बचतकर्ता । आफ्नो लगानी जग्गामा भएको छ जग्गा फिर्ता हुनेबित्तिकै पैसा दिने ठोकुवा गर्दै आएका छन् ।

तर, जग्गमा लगानी छ कि छैन कसैलाई अत्तोपत्तो छैन । हिजो सहकारीमा लगेर बचतकर्ताले पैसा राख्दा नै सञ्चालकले विचार गर्नुपर्दैन ? सर्वसाधारणले गाडी, घरजग्गा र सेयरमा लगानी गर भनेर पैसा राखेका हुन् ? सहकारीले जता आफूलाई धेरै नाफा आउने देख्यो त्यतै लगानी गर्‍यो । हिजो पैसा लिने बेलामा जसरी लिएको थियो अहिले त्यसरी नै दिनुपर्‍यो । जग्गा बिक्री भएन त बचतकर्तासँग के सरोकार ?

सहकारीको साधारणसभामा गएर राजनीतिक दल र सहकारी विभागका पदाधिकारीहरूले अतिथि बनेर रिबन काटिरहेका छन् ।

दियो बालिरहेकै छन् । जनता ठग्ने सहकारीलाई कारबाही गर्नुको सट्टा ठग्नका लागि थप हौसला प्रदान गरिरहेका छन् । कतै सरकार र राजनीतिक दलको संरक्षणमा सहकारीले सर्वसाधारणको पैसा डुबाइदिएको त होइन ? यो प्रश्नको जवाफ सरोकारवालाले तत्काल दिनुपर्छ ।

*– अनुसा थापा, भक्तपुर*

**जानकारी**

**अब यस दैनिकले हरेक दिन पत्र–मञ्जुषा स्तम्भ सुरू गरेकाले पाठक वर्गहरूले आफूले चाहेको विषय वस्तु, सरकारी निकायको काम कारबाही वा पत्रिकामा सम्प्रेषण भएको समाचारका बारेमा पत्र लेख्नु भएमा त्यसलाई जस्ताको त्यस्तै प्रकाशन हुने जानकारी गराइन्छ । सं.**

prabhabdailynews@gmail.com
facebook.com/prabhab online

द्रष्टव्य : यस दैनिकका लागि लेख, विचार, प्रतिक्रिया prabhabdailynews@gmail.com मा सम्प्रेषण गर्नु हुन अनुरोध छ । यो स्तम्भमा प्रकाशित सामग्री लेखकको निजी विचार हो । - सं.

# चिसोले रसुवा आउने पर्यटक घटे

**रसुवा–** हिमाली क्षेत्रमा चिसोपन बढेसँगै आन्तरिक एवं बाह्य पर्यटकको आगमन घटेको छ। गोसाइँकुण्डको तीर्थलगायत लाङ्टाङ र तामाङ सम्पदामार्गका उच्च क्षेत्रमा अत्यधिक चिसोका कारण पर्यटकको आगमन घटेको हो।

रातिको समयमा परेको शीत बिहानसम्ममा पूरै बरफमा परिणत हुने भएकाले आगामी फागुन १५ सम्म होसियारपूर्वक यात्रा गर्न र सकभर एउटा लौरो साथ लिइ यात्रा गर्दा सुरक्षित होइने स्थानीयवासीले जनाए। अहिले गोसाइँकुण्डको पानीसमेत जमेर बरफमा परिणत भइसकेकाले यस याममा तीर्थको महत्त्वभन्दा सेताम्मे हिमशृंखला अवलोकन गर्न थोरै यात्रुमात्र भ्रमणमा आउने गरेको होटल व्यवसायी संघका जिल्ला अध्यक्ष रामशरण गजुरेलले बताए।

हिमाली पदयात्राका लागि आएका पर्यटकले उत्तरी रसुवाअन्तर्गत उच्च भागमा रहेको गोसाइँकुण्ड, लाङ्टाङ क्षेत्र एवं तामाङ सम्पदामार्गको ग्रामीण बस्तीसमेतका क्षेत्रमा भ्रमण गर्ने गरेको उनले जानकारी दिए। पर्यटकको आगमन कमी भएकाले सबै व्यवसायीले आ-आफ्ना होटल तथा लज सुदृढीकरण गर्न थालेका छन्।

होटल तथा लजको रङरोगन गराउने र सिरक तथा डस्ना मर्मत एवं नयाँ खरिद एवं ढुवानी गर्ने कार्य भइरहेको बताइएको छ। विगतको तुलनामा यस वर्षको पहिलो यामबाटै होटल तथा लज चलायमान भइसकेका र दोस्रो याम (फागुन १५)देखि बढी पर्यटकको आगमन हुने यहाँका व्यवसायीको आँकलन छ।

लाङ्टाङ राष्ट्रिय निकुञ्जका सूचना अधिकारी मिलन सापकोटाका अनुसार चालु आर्थिक वर्षको साउनदेखि यही पुस २६ गतेसम्म आन्तरिक १२ हजार ५३०, सार्क राष्ट्रका २४५, अमेरिका, जर्मन, जापान, अस्ट्रेलियालगायत देशबाट आएका चार हजार ५५२ विदेशी पर्यटकले निकुञ्जको पर्यटकीय क्षेत्र भ्रमण गरेका थिए।

पर्यटक निकुञ्जको भू-भागमा प्रवेश गरेबापत लाग्ने शुल्कबाट रु एक करोड ६६ लाख ५८ हजार पाँचसय २५ राजस्व दाखिला भएको बताइएको छ। सेता हिमाल, तालतलैया, उकाली ओराली, भञ्ज्याङ चौतारी, तामाङ संस्कृतिका नाचगानसमेतले पर्यटकलाई मनमोहक बनाउने गरेको छ। *रासस*

# चाँगुनारायण नगर पालिकाको बेरुजु बढ्यो

**भक्तपुर–** विगत पाँच वर्षमा चाँगुनारायण नगरपालिकाको बेरुजु झण्डै सात करोड रूपैयाँ पुगेको छ। नगरपालिकाका प्रमुख जीवन खत्रीले विकास बजेटमा रहेको बेरुजु घटाउन आह्वान गरेका छन्।

नगरपालिकाको बेरुजु आर्थिक वर्ष २०७४/७५ देखि आव २०७७/७८ सम्ममा ३३ शीर्षकमा छ करोड ८६ लाख ४२ हजार ८७३ रूपैयाँ रहेको छ। त्यसमा सबैभन्दा बढी बेरुजु आव २०७७/७८ मा उपभोक्ता समितिमार्फत गरिएको कामको रहेको छ।

उपभोक्ता समितिले नगरपालिकासँग सम्झौता गरेर रकम निकास गर्ने तर उपभोक्ता समिति आफूले काम नगरेर अर्को ठेकेदारलाई कामको जिम्मा दिएका विकासका कामको मात्रै एक करोड २८ लाख ८९ हजार ८६४ रूपैयाँको बेरुजु रहेको नगरपालिकाको आर्थिक प्रतिवेदनमा उल्लेख छ।

नगरप्रमुख खत्रीले भने, 'विगत पाँच वर्षमा हचुवामा जसरी पायो त्यसरी रकम बाँडेको देखियो, लगेको रकमको काम गरेर फर्स्योट गरेको भए हुन्थ्यो, काम अधुरो बनाउने र कामै नगरेको पाइएकाले त्यस्तो रकम इमान्दारिताका साथ फिर्ता गर्न आह्वान गर्दछु, अन्यथा कानुनअनुसार अगाडि बढ्छौं।'

त्यस्तै नगरपालिकाले चालु आव २०७९/८० का लागि पुँजीगततर्फ एक अर्ब ३४ करोड ७१ लाख ४३ हजार रूपैयाँ र चालुतर्फ ७७ करोड १८ लाख ८२ हजार रूपैयाँ गरी कूल दुई अर्ब ११ करोड ८९ लाख ८६ हजार रूपैयाँ बजेट विनियोजन गरेकामा यो छ महिनाको अवधिमा कूल बजेटको २३.२८ प्रतिशत अर्थात् पुससम्ममा कूल ४९ करोड ३४ लाख ७० हजार रूपैयाँ खर्च गरेको नगरप्रमुख खत्रीले बताए।

आन्तरिक राजस्वतर्फ २६ करोड २६ लाख ३० हजार रूपैयाँ संकलन गर्ने लक्ष्य राखेकामा यहीं पुससम्ममा छ करोड ८४ लाख १३ हजार रूपैयाँ अर्थात् २६.४ प्रतिशतमात्रै संकलन भएको उनले जानकारी दिए। *रासस*


## कम्पनीको नाम परिर्वतन तथा प्रबन्ध पत्र, नियमावली संशोधन गरिएको सूचना

यस कम्पनीको मिति २०७७/०९/२६ मा सम्पन्न विशेष साधारण सभाको निर्णय बमोजिम कम्पनीको साविकको नाम **एस्पायर एजुकेशन प्रा.लि.**को नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु सम्पूर्ण कर दायित्व आदि **अचिभअन एजुकेशन प्रा.लि.** (नाम परिवर्तन) कम्पनीले सकार्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रार कार्यालयको मिति २०७८/०६/१० गतेको निर्णय अनुसार नाम परिवर्तन गरी **अचिभअन एजुकेशन प्रा.लि.(प्रा.लि.नं.१६४७८९)** कायम गरिएको व्यहोरा सम्बद्ध सबैका लागि जानकारी गराईन्छ ।



सुदूरपश्चिम प्रदेश सरकार
**भौतिक पूर्वाधार विकास मन्त्रालय**
**यातायात पूर्वाधार निर्देशनालय**
**पूर्वाधार विकास कार्यालय**
कञ्चनपुर

## बोलपत्र सम्बन्धी सूचना संशोधन गरिएको सम्बन्धमा

**प्रथम पटक सूचना संशोधन गरिएको मितिः २०७९।९।२९**

उपरोक्त सम्बन्धमा यस कार्यालयबाट मिति २०७९।०९।२४ गतेका दिन "**प्रभाव दैनिक**" पत्रिकामा प्रकाशित e -bid आह्वान सम्बन्धी IDOKAN/W/NCB/BR-M/01/079-080 को सूचनामा इच्छुक बोलपत्र दाताको Minimum work experience सम्बन्धमा " Participation as Prime contractor,management contractor or subcontractor in at least one (1) Contract within the last ten (10) years, with a value of at least NRs 1,20,00000.00 that have been successfully or are substantially completed and that are similar to the proposed works i.e. bridge work ( or box culvert Bridge works. )" हुनु पर्नेमा अन्यथा हुन गएकोले उक्त सूचनामा तथा सोहि अनुसार Bid documents मा उल्लेखित स्थानमा समेत यसै अनुसार संशोधन गरिएको व्यहोरा सम्बन्धित सबैमा जानकारीको लागि अनुरोध गरिन्छ ।

**कार्यालय प्रमुख**



## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : MARINA SOFA SDN BHD

पुर्व स्वीकृति मिति २०७९/०९/०९ | LT. No. 276190 | चलानी नं. ६०१९४८८७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Production Operator | 20 | 0 | 1500 | ४४,७३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय ललितपुरमा मितिः २०७९ माघ ६ गते (20th Jan. 2023) सम्म हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्थाः** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कःनिःशुल्क/-**

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. १२३८/०७४/०७५

**S.And S.Human Resource Pvt. Ltd.**
Mahalaxmisthan, Lalitpur, Nepal Tel : +977-1-5523287
Fax : +977-1-5523287, E-mail : sands1238@gmail.com



## कुवेतमा रोजगारको अवसर

कम्पनी : BAQALA IN & OUT CO.

पुर्व स्वीकृति मिति २०७९/०९/२८ | LT No.279453 | चलानी नं. ६०१९४९३९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब KD | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Vendor | 3 | 0 | 140 | ५९,६३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०७९ माघ ६ गते (20th Jan. 2023) सम्म हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्थाः** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कःनिःशुल्क**

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. १३६३/०७४/०७५

**INSPIRE INTERNATIONAL EMPLOYMENT PVT.LTD.**
Airport, Shambhu marg-4, Kathmandu,Nepal Phone:
(+977) 4112800, Email: inspireintemp@gmail.com



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : QWAT AL-ASIMA INDUSTRIAL COMPANY(ONE PERSON COMPANY)

पुर्व स्वीकृति मिति २०७८/१२/२० | पुन विज्ञापन स्वीकृति मितिः २०७९/०९/२८ | LT. No. 260707 | चलानी नं. ६०१७७०९३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Labor | 1 | 0 | 1000 | ३४,६८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०७९ माघ ६ गते (20th Jan. 2023) सम्म हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्थाः** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः** १०,०००

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. १०००/०६८/०६९

**Honesty Overseas Pvt.Ltd.**
Basundhara Chowk-8, Kathmandu, Nepal
Phone No.: +977-1-4364494, 4352243
Email : honestyoverseas@gmail.com,Web: www.honestyoverseas.com.np



## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : PEMBINAAN YENG TONG SDN BHD

पुर्व स्वीकृति मिति २०७९/०२/०९ | पुन विज्ञापन स्वीकृति मिति २०७९/०९/२८ | LT. No. 263231 | चलानी नं. ६०१७९५३३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Consruction Labour | 5 | 0 | 1500 | ४४,७३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : RESTORAN GABAN

पुर्व स्वीकृति मिति २०७६/१२/०९ | पुन विज्ञापन स्वीकृति मिति २०७९/०९/२८ | LT. No. 235201 | चलानी नं. ६०१७५२४०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Restaurant Crew | 5 | 0 | 1200 | ३५,७८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०७९ माघ ६ गते (20th Jan. 2023) सम्म हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्थाः** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः** निःशुल्क/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Mass Human Resource Pvt. Ltd.** Govt. License 938/067/068
Samakhusi, Ktm, Nepal, TEL: + 977-1-4983080, 4983088, 4955765



## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : DYNASTY DRAGON SEAFOOD RESTAURANT (KLG) SDN BHD

पुर्व स्वीकृति मिति : २०७९/०९/२८ | LT. No. 279295 | चलानी नं. : ६०१९४८९३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Restaurant Crew | 15 | 0 | 1500 | ४४,७३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : YSK FRESHMART SDN. BHD.

पुर्व स्वीकृति मिति : २०७९/०९/२८ | LT. No. 279294 | चलानी नं. : ६०१९४८९४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Store Labour | 25 | 0 | 1500 | ४४,७३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०७९ माघ ६ गते (20th Jan. 2023) सम्म हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः निःशुल्क**

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. १५३१/०७८/०७९

**Max Employment Center Pvt. Ltd.**
Bijay Chowk-9 Kathmandu , Nepal
Phone: +977-1-4481066
Email: maxecenter@gmail.com /www.maxecenter.com



## साउदी अरेबियामा रोजगारको अवसर

कम्पनीः ABID ALI AL HABASHI CONTRACTING COMPANY

पुर्व स्वीकृति मिति २०७९/०६/१२ | पुन विज्ञापन स्वीकृति मिति २०७९/०९/२८ | LT. No.272801 | चलानी नं. ६०१८८४६९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction Worker | 18 | 0 | 1000 | ३४,६८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०७९ माघ ६ गते (20th Jan. 2023) सम्म हुनेछ

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्थाः** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः निःशुल्क**

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. ६१९/०६३/०६४

**Nasser Outsourcing Consultants Pvt. Ltd.**
Ratopool-9, Kathmandu, nepal, Tel: +977-1-4465090 (6 Line), Fax: +977-1-4411950,
Email: nocnepal@nassers.org



## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : YOKE KHEONG AGRICULTURE

पुर्व स्वीकृति मिति २०७९/०९/२८ | LT. No. 279150 | चलानी नं. ६०१९४९०४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Farm Worker | 20 | 0 | 1500 | ४४,७३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०७९ माघ ६ गते (20th Jan. 2023) सम्म हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | कामदार आफैंले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः निःशुल्क/-**

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**DOTI OVERSEAS PVT. LTD.** Govt. License 1294/074/075
Airport Tilganga -09, Shambhumarga, Kathmandu Tel :9851062705
E-mail : sec.dotioverseas@gmail.com, website:www.dotioverseas.com.np



## मलेशियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : ANIKA INDUSTRI KONKRIT SDN BDH

पुर्व स्वीकृति मिति २०७९/०२/२४ | पुन विज्ञापन स्वीकृति मिति : २०७९/०९/२८ | LT. No. 264557 | चलानी नं. ६०१८०८३७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Workers | 16 | 0 | 1500 | ४४,७३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०७९ माघ ६ गते (20th Jan. 2023) सम्म हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कसले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कसले व्यहोर्ने / कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कसले तिर्ने | कामदारलाई हवाई टिकट कसलेदिने र कति लाग्ने | भिषा शुल्क कसले व्यहोर्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैंले | बिमा हुने /प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले दिने | रु.७००/- कामदार आफैंले | रोजगारदाताले दिने |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः** रु.१,५०० कामदार आफैंले **सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने : निःशुल्क/-**

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ३) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ४) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ५) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ६) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

Govt. License 776/065/066

**DREAMLAND MANAGEMENT PVT.LTD.**
**(FIRDOSH INTERNATIONAL OVERSEAS COMPANY PVT. LTD.)**
Samakhusi-29, Kathmandu, Nepal (सामाखुसी स्वीमिङ पुल अगाडि).
Tel: +977-1-4365939 4382814 Fax: +977-1-4384392
Email: firdoshinternational@gmail.com, Website: www.fiocnepal.com



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : DR. TAHER BIN HUSSEIN AL BAHRANI SPECIALIZED COMPLEX

पुर्व स्वीकृति मिति २०७९/०९/२८ | LT. No. 279212 | चलानी नं. ६०१९४९३०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Hospital Cleaning Worker | 1 | 0 | 1200 | ४१,६२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०७९ माघ ६ गते (20th Jan. 2023) सम्म हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | कामदार आफैंले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः** १०,०००/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. ११०८/०७३/०७४

**Emerald Isle Nepal Pvt. Ltd.** (GULMI OVERSEAS PVT LTD)
Purano Baneshwor-10, Kathmandu, Nepal. Tel- +977-4488542/4489323
Email:- emeraldislenepal@gmail.com, info@einepal.comSS



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : YAHYA AHMED RAQWANI CO. FOR TRADING & CONT.

पुर्व स्वीकृति मिति २०७९/०५/२० | पुन विज्ञापन स्वीकृति मिति : २०७९/०९/२८ | LT. No. 271289 | चलानी नं. ६०१८६९०१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Heavy Equipment Driver | 15 | 0 | 2500 | ८६,७१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०७९ माघ ९ गते (23rd Jan. 2023) सम्म हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्थाः** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः** १०,०००/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

Govt. License 280/058/059

**Cosmo International Overseas Pvt. Ltd.** (Overseas Employment Consultants)
P.O. Box No.: 9140 Minbhawan, Kathmandu, Nepal
Tel : +977-1-4115190, 4115191 Fax : +977-1-4115189
E-mail : cosmointlpvt@gmail.com, kcshym_2008@yahoo.com Web : www. cosmointernational.com.pn

# प्रभाव दैनिक

शुक्रबार, २९ पुस २०७९ (Friday, January 13, 2023)


रूपशाला

## राष्ट्रपतिबाट विभिन्न स्रस्टा सम्मानित

राष्ट्रपति विद्यादेवी भण्डारीबाट स्रस्टा सम्मानीत भएका छन् । रारा राष्ट्रिय म्युजिक अवार्ड कार्यक्रममा नेपाली गीत संगीतमा योगदान पुऱ्याएका स्रस्टाहरूलाई राष्ट्रपति भण्डारीबाट सम्मानित गरिएको हो । वरिष्ठ संगीतकार/गायक शम्भुजीत बाँस्कोटा, गायक/संगीतकार संस्कृतीविद्व नन्दकृष्ण जोशी, वरिष्ठ समाजसेवी ज्ञानेन्द्र श्रेष्ठ, मोडल सनम कडायतलाई सम्मान गरिएको हो । मोडल कठायत राष्ट्रिय युवा प्रतिभाबाट सम्मानित भएका हुन् ।



# साम्राज्ञी र पुष्प अभिनित 'तिम्रो मेरो साथ'को चितवनमा प्रिमियर



■ प्रभाव संवाददाता

**चितवन–** अभिनेत्री साम्राज्ञी राज्यलक्ष्मी शाह र पुष्प खड्का अभिनीत फिल्म 'तिम्रो मेरो साथ' को चितवनमा प्रिमियर गरिएको छ । बुधबार आयोजित प्रिमियरमा साम्राज्ञी, पुष्प, अभिनेता सन्दीप क्षेत्रीसहित निर्माण टिम उपस्थित थिए ।

यसअघि निर्माण टिमले चिवतनमा महोत्सव पनि आयोजना गरेको थियो । उल्लेख्य दर्शक उपस्थिति रहेको महोत्सवमा निर्देशक रमेश एमके पौडेलसहितको टिमले मनोरञ्जन प्रदान गरेको थियो ।

'तिम्रो मेरो साथ' टिम सेक्युरिटीका साथ स्टेजमा उतारेको थियो। साम्राज्ञी र पुष्पले नृत्यमार्फत दर्शकलाई मनोरञ्जन दिदा सन्दीपले कमेडीका पन्चलाइनले दर्शक हँसाएका थिए ।

महोत्सवपछि लक्की मिडिया हाउसले प्रिमियर आयोजना गरेको हो । सिजी मलस्थित चितवन सिनेप्लेक्समा आयोजित प्रिमियरमा चितवन महानगरकी मेयर रेणु दाहालसहित दर्शकको बाक्लो उपस्थिति थियो । प्रिमियरपछि लभस्टोरी फिल्मलाई दर्शकले उत्कृष्ट बताएका थिए । पुस २९ गतेदेखि प्रदर्शन हुने फिल्मका लागि अग्रिम बुकिङ खुला भइसकेको छ । देशको ठूलो मल्टिप्लेक्स हल क्युएफएक्सले १३ शो दिएको छ ।

फिल्ममा पुष्प, साम्राज्ञी र सन्दीपसँगै खड्कबहादुर पुन (खबपु), सरोज खनाल, दिपिशा केसीलगायत कलाकारको अभिनय छ। फिल्मको कथा शबिर श्रेष्ठ र बाबुराम निरौलाले तयार पारेका हुन् ।

## रचना र भीमको 'दिलराजा'मा गरिमा र सुधिर

**काठमाडौं (प्रस)–** गायिका रचना रिमाल र गायक भीम दोर्जे तामाङको स्वर रहेको दिलराजा बोलको गीतको भिडियो रिलिज गरिएको छ ।



सार्वजनिक गीतमा शब्द र संगीत रमेश दर्नालको छ । काठमाडौंको चोभार, कपन, भद्रकाली लगायतका स्थानमा छायांकन गरिएको भिडियोमा पछिल्लो समयका चर्चित मोडलद्वय गरिमा शर्मा र सुधिर श्रेष्ठको अभिनय देख्न सकिन्छ । भिडियोले गहिरो प्रेममा रहेको एक मायालु जोडीको सफलताको प्रेम कथालाई देखाएको छ । गीतकार लोकराज अधिकारी क्रिएटिभ डाइरेक्टर रहेको भिडियोमा सुब्रत आचार्य अतिथि कलाकारको रूपमा छन् ।

शरद पाण्डेको कन्सेप्ट र निर्देशन रहेको भिडियोको छायांकन उत्सव दाहालले गरेका हुन् भने सम्पादन विकाश दाहालले गरेका हुन् । जसको निर्माण दिपखुशी लामाले गरेकी हुन् । भिडियो निर्मात्री लामाकै अफिसियल च्यानलबाट बजारमा आएको हो ।


## साउदी र मलेशियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : NAWAKHETH PET FOR FOOD AND MEDICINE

पूर्व स्वीकृति मिति २०७९/०९/२८ LT. No. 279427 चलानी नं. ६०१९२१६१

| सि. नं. | कामदारको पद | माग संख्या | | मासिक तलव | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | SR | ने.रू. | | | | | | | |
| 1 | Lathe Operator | 1 | 0 | 2000 | ६९४७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : Tes Amm (MALAYSIA) Sdn.Bhd

पूर्व स्वीकृति मिति २०७९/०९/२८ LT. No. 278580 चलानी नं. ६०१९२१६१

| सि. नं. | कामदारको पद | माग संख्या | | मासिक तलव | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | SR | ने.रू. | | | | | | | |
| 1 | GENERAL WORKER | 15 | 0 | 1500 | ४४८९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०७९ माघ ५ गते (19th Jan. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः** कामदार आफैंले **सेवा शुल्कः** १०,०००/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. ७९४/०६५/०६६

**TRIPLE STAR EMPLOYMENT PVT. LTD.**

Samakhusi-29, Kathmandu, Nepal Tel: +9771 4353826,4359552, Mob No.: 9802011164, 9846026291, 9849881033 & 9814388624 Fax: +977-1-4362951

## कुवेत वैदेशिक रोजगारको अवसर

कम्पनी : AL-SARHAN CENTRAL MARKET FOR NON-FOOD STUFF

पूर्व स्वीकृति मिति २०७८/११/१ पून स्वीकृति मिति २०७९/०९/२८ LT. No. 257926 चलानी नं.६०१९४८२३

| सि. नं. | कामदारको पद | माग संख्या | | मासिक तलव | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | KD | ने.रू. | | | | | | | |
| 1 | Security Guard | 15 | 0 | 125 | ५३३६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | WORKER INDOOR | 35 | 0 | 90 | ३८४२२ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०७९ माघ ५ गते (19th Jan. 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कसले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कसले व्यहोर्ने / कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कसले तिर्ने | कामदारलाई हवाई टिकट कसलेदिने र कति लाग्ने | भिषा शुल्क कसले व्यहोर्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैंले | बिमा हुने /प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले दिने | रु.७००/- कामदार आफैंले | रोजगारदाताले दिने |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः** रु.१,५०० कामदार आफैंले **सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने :** निःशुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

Govt. License No. 1352/074/075

**Omega International Pvt. Ltd.**

Basundhara, Kathmandu, Nepal, Ph. No: +977-4954327, 4954337

E-mail : info@omeganepal.com,Website : www.omeganepal.com


## रंगशाला

### ओलम्पिक २०२४ छनोट

# नेपाल समूह 'सी'मा



■ प्रभाव संवाददाता

**काठमाडौं–** फ्रान्सको पेरिसमा २०२४ मा आयोजना हुने ओलम्पिक खेलकुद अन्तर्गत महिला फुटबलको एसिया छनोटको पहिलो चरणमा नेपाल समूह 'सी' मा परेको छ ।

एएफसीले बिहीबार सार्वजनिक गरेको ड्र अनुसार नेपाल समूह 'सी' मा परेको हो ।

नेपालको समूहमा भियतनाम, प्यालेस्टाइन र अफगानिस्तान रहेको छ । पहिलो चरणको छनोट खेलहरू आगामी अप्रिल ३ देखि ११ सम्म हुनेछ ।

पहिलो चरणमा सहभागी २६ टोलीलाई ७ समूहमा विभाजन गरिएको छ । हरेक समूहको शीर्ष टोलीले दोस्रो चरणको यात्रा तय गर्ने छन् ।

### एनभिए राष्ट्रिय भलिबल

# समूह विजेता बन्दै पुलिस सेमिफाइनलमा

■ प्रभाव संवाददाता

**काठमाडौं–** विभागीय टोली नेपाल पुलिस क्लबले सातौं संस्करणको एनभिए राष्ट्रिय महिला तथा पुरुष क्लब भलिबल च्याम्पियनसिप अन्तर्गत महिलातर्फ लगातार तेस्रो जित निकालेको छ ।

त्रिपुरेश्वरस्थित राखेपको कभर्डहलमा बिहीबार भएको खेलमा न्यु डायमण्ड स्पोर्ट्स क्लबलाई ३-२ को सेटमा हराउँदै पुलिसले लगातार तेस्रो जित निकालेको हो । पुलिसले न्यु डायमण्डमाथि २५-२२,२२-२५,२५-१४,२३-२५ र १५-१० को सेटमा हराएको हो । जितसँगै पुलिस समूह 'ए' को समूह विजेता बन्दै सेमिफाइनलमा प्रवेश गरेको छ ।

पुलिसले ३ खेलमा ८ अंक जोडेको छ। न्यु डायमण्ड समूह उपविजेता बन्दै सेमिफाइनलमा पुगेको छ । न्यु डायमण्डले ३ खेलमा ६ अंक जोडेको छ। च्याम्पियनसिप अन्तर्गत बिहीबार नै पुरुषतर्फ चार खेल हुँदैछ । पुरुषतर्फको पहिलो खेलमा बुढानिलकण्ठ भलिबल क्लब र केशवलाल भलिबल ट्रेनिङ सेन्टरबीच खेल हुनेछ । खेल मध्यान्ह १२ बजेबाट सुरु हुनेछ ।

पुरुषतर्फको दोस्रो खेलमा टिपटप हेल्प नेपाल र मधेश प्रदेशबीच खेल हुनेछ । दुई टोलीबीचको खेल दिउँसो २ बजेबाट सुरु हुनेछ ।

पुरुषतर्फको तेस्रो खेलमा ढोरपाटन स्पोर्टस क्लब र गण्डकी प्रदेशबीच प्रतिस्पर्धा हुनेछ । खेल दिउँसो ४ बजेबाट सुरु हुनेछ । त्यस्तै पुरुषतर्फको चौंथो तथा दिनको अन्तिम खेलमा नेपाल एपीएफ क्लब र शैलुङ्ग भलिबल क्लबबीच प्रतिस्पर्धा हुनेछ । खेल साँझ ६ बजेबाट सुरु हुनेछ ।

च्याम्पियनसिपमा पुरुषतर्फ १४ र महिलातर्फ ८ टोलीको सहभागिता रहेको छ । च्याम्पियनसिपको महिला र पुरुष विजेताले नगद ४ लाख पाउनेछन् । यस्तै उपविजेताले २ लाख र तेस्रो हुनेले १ लाख पाउनेछन् । च्याम्पियनसिपको सर्वोत्कृष्ट महिला र पुरुष खेलाडीले जनही २५ हजार पाउने छन् । विधागततर्फ उत्कृष्ट हुने लिबेरो, स्पाइकर, ब्लकर, सर्भर, सेटर र प्रशिक्षकले जनही १० हजार रूपैयाँ पाउनेछन् । त्यस्तै च्याम्पियनसिपबाट पुरुषतर्फ शीर्ष ८ टोली र महिलातर्फ शीर्ष ६ टोलीले सातौं आरबीबी-एनभिए क्लब लिगका लागि छनोट हुनेछन् ।


## Belauri Municipality

### Office Of The Municipal Executive

Belauri, Kanchanpur

Sudurpaschim Province, Nepal

## INVITATION FOR BIDS

**Invitation for Bids No: BELMUN/NCB/W/079/080-07**

**Date of publication: 13-01-2023 (29th of Poush, 2079)**

1. ***Belauri Municipality***invites electronic bids from Nepalese eligible bidders for the construction of Construction of Hostel building, ***Ward No.4, Belauri kanchanpur*** under National Competitive Bidding procedures. The estimated amount for the works is **Rs. 27,59,605.00 *(Including VAT & PS)***
2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office Of ***Belauri Municipality Kanchanpur, belaurimunicipality@gmail.com,099-580215***or may visit PPMO website www.bolpatra.gov.np/egp.
3. Bidders, submitting their bid electronically, should deposit the cost ( Rs 3000 ) of bidding document in the Project's Rajaswa (revenue) account as specified below and the scanned copy (pdf format) of the Bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids. Information to deposit the cost of bidding document in Bank:
   **Name of the Bank: RastriyaBanijya Bank**
   **Name of Office:** *Belauri Municipality*
   **Office Code no. :801077604**
   **Office Account no.: 4390100301010002**
   **Rajaswa (revenue) Shirshak no. : BELAURI NA.PA.(GA-1-1)**
4. Electronic bids must be submitted through PPMO website www.bolpatra.gov.np/egpon or before ***12:00*** on ***[21th oct 2022 (4rd karthik 2079)*** ]. Bids received after this deadline will be rejected.
5. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at ***[14:00 pm 12th Feb 2023 (29rd magh 2079)]*** at the office of ***Belauri Municipality .***Bids must be valid for a period of ***90 days*** after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in .pdf format in case of e-bid, amounting to a minimum of ***Rs.61,000.00*** which shall be valid for 30 days beyond the validity period of the bid.
6. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid and bid security shall remain the same as specified for the original last date of bid submission.

**Chief Administrative Officer**

# महिलामाथिको प्रतिबन्धले मानवीय सहायता परिचालनमा अवरोध

**काबुल–** गत जुनमा महिला चिकित्सकको एउटा टोली छ घण्टा लामो पहाडीमार्गको यात्रा पूरा गरेर पूर्वी अफगानिस्तानको एउटा गाउँ पुग्यो जहाँ भूकम्पबाट एक हजारभन्दा बढी अफगानीले ज्यान गुमाएका थिए ।

भूकम्प गएको दोस्रो दिन महिला चिकित्साकर्मीको टोली त्यहाँ पुगेको थियो । घाइते भएका पुरुषले अघिल्लै दिनदेखि उपचार पाएका थिए तर महिलाका आला घाउबाट रगत बगिरहेको थियो सामान्य उपाचारसमेत नपाएर । पूरातन सोच र रुढीवादी समाजमा जकडिएको अफगानिस्तानका महिला महिला चिकित्सक नआएसम्म त्रिपालबाट बाहिर निस्केनन् ।

मानवीय सहायताकर्मी महिला नहुँदा कठिन एवं दयनीय स्थिति अफगान महिलाले झेल्नुपरेकामा खिन्न छन् अन्तर्राष्ट्रिय उद्धार समितिकी समिरा सैयद रहमान । उनले गाउँका ज्येष्ठ नागरिकहरूलाई महिला स्वास्थ्यकर्मीको टोली सेवाका निम्ति आइसकेको जानकारी दिएपछि मात्र भूकम्पपीडित महिला उपचारका लागि घर वा त्रिपालबाहिर आएका थिए । आपत्कालीन अवस्थामा पनि महिलाहरू घरभित्रै बस्नुपर्ने बाध्यात्मक व्यवस्था देशभर लागू गरिएको उनी बताउँछिन् ।

'यो एउटा उदाहरणमात्र हो,' सैयद भन्छिन्, 'गैरसरकारी संस्थामा महिलालाई काम गर्न नदिने तालिबानको आदेशले अफगानिस्तान र त्यहाँका महिलाको अवस्थालाई चित्रित गर्छ । परिणामको परवाह नगरी लादिएका यस्ता निर्णयले महिला कामदारको महत्व पनि रूढीग्रस्त अफगानी समाजमा दर्शाएको छ ।'

यही पुस ९ गतेदेखि अन्तर्राष्ट्रिय एवं राष्ट्रिय गैरसरकारी संस्थामा महिलाले काम गर्न नपाउने आदेश तालिबानले जारी गरेपछि केही अन्तर्राष्ट्रिय संगठनले महिला कर्मचारीविना काम गर्न नसक्ने भदै सहायता परिचालन बन्द गरे । सहायता निकायका अनुसार महिलालाई सेवामा रोक लगाउँदा सयौं हजार प्रभावित हुने तथा त्यसले घातक परिणाम ल्याउने चेतनवनी दिएका छन् । लामो युद्धका कारण नाजुक बनेको नागरिक जीवन र कमजोर आर्थिक स्थितिले अफगानिस्तानमा तालिबानको अव्यावहारिक आदेशले थप जटिलता थोपरेको छ ।

सन् २०२१ को अगस्टमा तालिबानले सत्ता कब्जा गरेदेखि नै सहायता निकाय र गैरसरकारी संस्थाहरूले अफगानिस्तानमा सहयोग जारी राखेका छन् । अन्तर्राष्ट्रिय समुदायले तालिबान शासनलाई मान्यता दिएको छैन भने मुद्रा सञ्चिति घटेको छ, विश्वव्यापी बैंकिङबाट काबुल कटौतीमा परेको छ । युद्धका कारण जर्जर बनेको अर्थतन्त्र ध्वस्त भएको छ । यद्यपि, गैरसरकारी संस्थाहरूले तालिबानका आदेश उल्लंघन गर्दै खाद्यान्न सहयोगदेखि लिएर स्वास्थ्य सेवा र शिक्षाजस्ता आधारभूत सेवा प्रवाह गराउँदै आएका छन् ।

प्रतिबन्ध घोषणा हुनेबित्तिकै ११ वटा ठूला अन्तर्राष्ट्रिय सहायता समूह र केही साना समूहले आफ्ना महिला कामदारविना काम गर्न नसक्ने भन्दै आफ्ना कामहरू पूर्णरूपमा स्थगन गरेका छन् । अन्य धेरैले पनि नाटकीयरूपमा सेवा घटाएका छन् । करिब १४ प्रतिशत गैरसरकारी संस्थाले मात्र पूर्ण क्षमतामा सेवा प्रवाह गरेका छन् । खाद्यान्न आपूर्तिलगायत मानवीय सहायता प्रवाहमा राष्ट्रसंघीय निकाय क्रियाशील छन् ।

तालिबानको प्रतिबन्धलाई बेवास्ता गर्दै विश्व खाद्य कार्यक्रमले अघिल्लो महिनाको अन्त्य र यो महिनाको पहिलो सातासम्ममा चार करोड अफगानीमध्ये एक करोड ३० लाखलाई खाद्य सहयोग वा खाद्यान्न खरिदका निम्ति नगद हस्तान्तरण गरेको छ । महिलामाथिको प्रतिबन्ध कहिलेसम्म लागू रहन्छ भन्नेमा कोही स्पष्ट छैन । केही स्थानमा महिलाले काम गरिरहेका छन् । *रासस/एपी*

# आँधीमा परी १७ जनाको मृत्यु

**लस एन्जलस–** अमेरिकाको क्यालिफोर्नियामा आँधीका कारण १७ जनाको ज्यान गएको छ । गत मंगलबारदेखि आँधी सुरु भएको र बुधबार बिहानसम्म ज्यान गुमाउनेको संख्या १७ पुगेको छ ।

अमेरिकाको सबैभन्दा बढी जनसंख्या रहेको सहर क्यालिफोर्नियामा आँधीबाट ती नागरिकको ज्यान गएको र केही भौतिक संरचनाहरूमा पनि क्षति पुगेको बताइएको छ । आँधीसँगैको वर्षाबाट बाढी र पहिरो पनि आएको अधिकारीहरूले जानकारी दिएका छन् ।

यहाँका मौसमसम्बन्धी अधिकारीहरूले आँधीका कारण केही वर्षयताकै ठूलो क्षति भएको जनाएका छन् । उनीहरूले सडक भत्किएका र यहाँका बिजुली तथा ग्यासका पाइपसम्बन्धी संरचनाहरूमा क्षति पुगेको छ ।

मौसम पूर्वानुमान शाखाका अधिकारीहरूले आँधीको सम्भावना रहेकाले बुधबार पनि घरबाहिर ननिस्कन सर्वसाधारणहरूलाई सूचना जारी गरेका छन् । यस आँधीले यहाँका जनावर तथा चौपाया पनि मरेका छन् । क्यालिफोर्निया राज्यको दक्षिणी क्षेत्र आँधीबाट बढी प्रभावित भएको छ । सो क्षेत्रका हजारौं मानिसलाई उद्धार गरेर अन्यत्रै लैजानुपर्ने बताइएको छ । तर, आँधी निरन्तर रहेकाले उनीहरूको उद्धारमा पनि कठिनाइ उत्पन्न भएको बताइएको छ ।

सो राज्यमा संकटकालको घोषणा गरेर आवश्यक उद्धार कार्य गर्नका लागि अमेरिकी सरकारले अधिकार प्रदान गरेको छ । आँधी अरु केही दिनसम्म रहनसक्ने भन्दै यहाँको राज्य सरकारले भने सबै नागरिकलाई सतर्क रहन भनेको छ । यहाँ चिसो मौसममा पनि यस्तो आँधी आउने गर्दछ । सन् २०१८ को जनवरीमा पनि यस्तै आँधीका कारण २३ जनाको ज्यान गएको थियो । *रासस/सिन्ह्वा*

# कोरियामा सडक दुर्घटना, ४ जनाको मृत्यु

**सोल–** बिहीबार बिहान दक्षिण कोरियाको दक्षिणपूर्वमा एउटा कार समुद्रमा खस्दा चार जनाको मृत्यु भएको योनहाप समाचार एजेन्सीले प्रहरीलाई उद्धृत गर्दै जनाएको छ ।

यात्रुवाहक गाडी स्थानीय समयानुसार बिहान १०:४८ मा देशको दक्षिणी टापु जिओजेबाट करिब १०० मिटर तल समुद्रमा खसेको थियो ।

दुर्घटनामा परी गाडीमा सवार चारै जना मृत फेला परेका थिए । दुर्घटनाको कारणबारे अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ । *रासस/सिन्ह्वा*


प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
स्वास्थ्य सेवा निर्देशनालय
स्वास्थ्य सेवा कार्यालय
रूकुम (पश्चिम)

## राशन सिदा सम्बन्धी सिलबन्दी दरभाउपत्र आह्वानको सूचना

**दोश्रोपटक प्रकाशित मितिः २०७९/०९/२९ गते**
**ठेक्का नं.HSORUK/SQ/003/2079/080**

यस कार्यालय अन्तर्गत जिल्ला अस्पताल रुकुम पश्चिममा भर्ना भएका बिरामीहरुका लागि आवश्यक रासन सिदा सिलबन्दी दरभाउपत्रको माध्यमबाट खरिद गनुपर्ने भएकोले सम्बन्धित इजाजतपत्र प्राप्त इच्छुक व्यक्ति फर्म तथा कम्पनीबाट तपसीलका शर्तहरुको अधिनमा रहि रितपुर्वकको सिलबन्दी दरभाउपत्र आह्वान गरिएको छ ।

**शर्तहरुः**

- चालु आ.व.२०७९/०८० मा नवीकरण भएको इजाजतपत्र, आयकर दर्ताको प्रमाणपत्र, मु.अ.कर दर्ता प्रमाणपत्र, कर चुक्ता प्रमाणपत्र (आ.व.२०७८/०७९) वा कर चुक्ता म्याद थप पत्र र स्थायी लेखा नम्बर प्रमाणपत्रहरुको मान्यता प्राप्त नोटरी पब्लिकद्धारा प्रमाणित प्रतिलिपि सहित **https://www.bolpatra.gov.np/egp/** मार्फत रु १०००।- तिरी (दरभाउपत्र फारम दस्तुर फिर्ता नहुने गरी) ७औं दिनभित्र खरिद गर्न सकिनेछ ।
- खरिद पश्चात दरभाउपत्र फारमका साथ रु। ५०,०००।- को बाणिज्य बैंकबाट कम्तिमा ७५ दिनको मान्य अवधी रहेको बैंक जमानत वा कार्यालय कोड ३५००२५९०३६ मा प्रदेश लेखा इकाई कार्यालय रुकुम पश्चिमको नाममा नेपाल बैंक लिमिटेड रुकुम पश्चिम शाखा स्थित धरौटी खाता नं.०७७०२०००००२००३००००००१ मा नगद जम्मा गरेको भौचर संलग्न राखी २०७९/१०/०६ गते दिनको १२:०० बजेभित्र **https://www.bolpatra.gov.np/egp** मार्फत दर्ता गर्नुपर्नेछ र सोही दिन दिनको १३:०० खोलिनेछ । उक्त दिन सार्वजनिक बिदा परेमा कार्यालय खुलेको दिन सोही समयमा हुनेछ ।
- आफुले कबोल गरेको अंक स्पष्ट बुझिने गरी दरभाउपत्र अंक र अक्षरमा समेत उल्लेख गर्नुपर्नेछ ।
- सिलबन्दी दरभाउपत्र सम्बन्धी कागजात खोल्ने समयमा दरभाउपत्रदाता उपस्थित हुनुपर्नेछ । अनुपस्थित भएमा दरभाउपत्र खोल्न बाधा पर्ने छैन ।
- म्याद नाघी आएका वा रीतपूर्वक नआएका दरभाउपत्र माथि कुनै कारवाही हुने छैन ।
- दरभाउपत्र पेश गर्न नेपाली नागरिकले मात्र पाउने छ । र नागरिकताको प्रमाणपत्रको प्रतिलिपी पेश गर्नुपर्नेछ ।
- राशन ठेक्का स्वीकृत भई ठेक्का अवधिभरमा मुल्यबृद्धि भएमा मुल्यबृद्धिको रकम कार्यालयले दिने छैन ।
- बिरामी राशन सिदाको नमुना दरभाउपत्र खोल्ने दिनसम्म कार्यालयमा पेश गर्नुपर्नेछ ।
- राशनको दररेट जिल्लाको लागत अनुमान स्वीकृत समितिले स्वीकृत गरे बमोजिम हुनेछ ।
- अन्य कुरा प्रचलित कानुन र राशन ठेक्का व्यवस्था नियमानुसार हुनेछ ।
- अन्य आवश्यक जानकारीका लागि यस कार्यालयमा सम्पर्क राख्न सकिनेछ ।

**स्वास्थ्य सेवा कार्यालय रुकुम (पश्चिम)**



## कम्पनीको नाम परिवर्तन गरिएको सूचना

तेस्रो पटक प्रकाशित मिति २०७९/०९/२९

यस कम्पनीको मिति २०७९/०९/१० मा सम्पन्न विशेष साधारण सभाको निर्णय बमोजिम साविक कम्पनी **होली एन्जल्स ईङ्गलिस बोर्डिङ्ग स्कुल प्रा.लि. (प्रा.लि. नं. ३३२५३)** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पती तथा तिर्न पर्ने कर दायित्व आदी परिवर्तित कम्पनीले तिर्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०७९/०९/२४ को निर्णयानुसार कम्पनीको नाम परिवर्तन गरी **बकिंघम एकेडेमी पर्सा प्रा.लि.** कायम गरिएको व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ ।



## ROMANIAमा वैदेशिक रोजगारको अवसर

कम्पनी : SIMPLY HR SOLUTIONS SRL

पूर्व स्वीकृति मिति २०७८/१२/३० | पुन विज्ञापन स्वीकृति मिति : २०७९/०९/२७ | LT. No. 261656 | चलानी नं. ६०१७७८९३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलब USD | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner | 15 | 2 | 550 | ७१,६३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Construction Worker | 25 | 0 | 600 | ७८,१४५ | | | | | | | |
| 3 | Cook | 4 | 0 | 700 | ९१,१७० | | | | | | | |
| 4 | Cook Helper | 9 | 0 | 550 | ७१,६३० | | | | | | | |
| 5 | General Worker | 33 | 0 | 550 | ७१,६३० | | | | | | | |
| 6 | Housemaid | 0 | 5 | 600 | ७८,१४५ | | | | | | | |
| 7 | Nanny | 0 | 2 | 650 | ८४,६५५ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०७९ माघ ५ गते (19th Jan. 2023) सम्म हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्था**: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः** ६०,०००/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

यो विज्ञापन LT No. 261656 मितिः २०७९/०९/२८ मा प्रकाशित हुनुपर्नेमा भूलबस छुट्न गएकोले आज प्रकाशित गरिएको व्यहोरा जानकारी गरिन्छ ।

**ALL RAHIM MANPOWER PVT. LTD.**
श्रम ईजाजत नं. १२६४/०७४/०७५
Chandol-4, Chappalkarkhana, Kathmandu, Nepal Tel: +977-1-4444419, 4444429, Mob. 9851141406, 9803922236 E-mail: allrahimhr@gmail.com / info@allrahimmanpower.com, Website : allrahimmanpower.com



## Free Visa! Free Ticket !! सहित कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : WELLCARE PHARMACY

पुर्व स्वीकृति मिति २०७८/१०/१० | पुन विज्ञापन स्वीकृति मितिः२०७९/०९/२८ | LT. No. 256664 | चलानी नं. ६०१७३३१३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलब QR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cashier | 7 | 0 | 1600 | ५७,२३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Driver | 9 | 0 | 1700 | ६०,८१० | | | | | | | |
| 3 | Labourer | 8 | 0 | 1300 | ४६,५०० | | | | | | | |
| 4 | Salesman | 8 | 0 | 1700 | ६०,८१० | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०७९ माघ ६ गते (20th Jan. 2023) सम्म हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था**: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः** निःशुल्क/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**AP OVERSEAS PVT. LTD**
Govt. License 826/066/67
Sorakhutte, Link Road, KTM, Nepal, Tel: +977-01- 4388574, 4388485,E-mail: apoverseasktm@yahoo.com, info@apoverseas.com.np,Website : www.apoverseas.com.np



## मलेशियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : OLYMPIC RETREADS (M) SDN BHD

पूर्व स्वीकृति मिति २०७९/०९/२८ | LT. No. 277665 | चलानी नं. ६०१९४९२४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलब RM | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker (Manufacturing Sec.) | 7 | 0 | 1500 | ४४,७३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०७९ माघ ६ गते (20th Jan. 2023) सम्म हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कसले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कसले व्यहोर्ने / कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कसले तिर्ने | कामदारलाई हवाई टिकट कसलेदिने र कति लाग्ने | भिषा शुल्क कसले व्यहोर्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैंले | बिमा हुने /प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले दिने | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था**: रु.१,५०० कामदार आफैंले **सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने** : निःशुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**B.GAS FOREIGN EMPLOYMENT PVT. LTD.**
श्रम ईजाजत नं. १४५५/०७४/०७५
Dhapasi-9, Basundhara Tole, Kathmandu,Tel: +997-1-4356889



## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : MOBILE MAIDS MANAGEMENT SDN BHD

पूर्व स्वीकृति मिति २०७९/०७/२५ | पुन विज्ञापन स्वीकृति मिति २०७९/०९/२८ | LT. No. 275321 | चलानी नं. ६०१९१००८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलब RM | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner | 39 | 0 | 1500 | ४४, ७३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०७९ माघ ६ गते (20th Jan. 2023) सम्म हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्था**: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क**:निःशुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**All Skills International Human Resource Pvt.ltd.**
श्रम ईजाजत नं ९५७/०६७/०६८
Maharajganj-03, Basundhara, Kathmandu, Nepal
Tel +977-1-4989541-4989542 Fax : +977-1-4362800
E-Mail : allskillsintl@gmail,com, allskillskishor@gmail.com
Website : www.allskillsintl.com



## सूचना सूचना सूचना

**आवेदन दिन सकिने अन्तिम मितिः २०७९/१०/१४ गते**

उपरोक्त सम्बन्धमा यस संस्था कोमल हृदय प्रतिष्ठान (Gentle Heart Foundation) को निम्न बमोजिमको बालगृह भवन निर्माण गर्नुपर्ने भएकाले यस अनुसारको कामकाज गर्नका निम्ति कानुनी वैधता प्राप्त गरेका इच्छुक निर्माण कम्पनी वा फर्महरूबाट विस्तृत मूल्यसहित आफ्नो आवेदन पठाउनुहुन हार्दिक अनुरोध गर्दछौं ।

**भवन निर्माणको प्रकार** : पक्की
**कूल भवन निर्माण क्षेत्रफल (स्क्वायर फिट)** : ३,८५२
**जमिन मुनिको तल्ला** : ७९९
**भुइँ तल्ला** : १२१६
**पहिलो तल्ला** : १२२८
**दोश्रो तल्लाः** ६०९
**भवन निर्माण गरिने स्थान** : बुढानिलकण्ठ नगरपालिका -२, काठमाडौं
आवेदन सम्बन्धी विस्तृत फाइल प्राप्त गर्न सम्पर्क गर्ने इमेलः ghchnepal@gmail.com,
फोन नम्बरः ९८५१०६५१९३



## कम्पनीको नाम परिर्वतन तथा प्रबन्ध पत्र, नियमावली संशोधन गरिएको सूचना

यस कम्पनीको मिति २०७८/०७/२३ मा सम्पन्न विशेष साधारण सभाको निर्णय बमोजिम कम्पनीको साविकको नाम **च्यूवासा कन्सलट्यान्ट प्रा.लि**.को नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु सम्पूर्ण कर दायित्व आदि **मेटा एजुकेशन प्रा.लि**. (नाम परिवर्तन) कम्पनीले सकार्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रार कार्यालयको मिति २०७८/०८/१० गतेको निर्णय अनुसार नाम परिवर्तन गरी **मेटा एजुकेशन प्रा.लि.(प्रा.लि.नं.५३१४८)** कायम गरिएको व्यहोरा सम्बद्ध सबैका लागि जानकारी गराईन्छ ।



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : FATIMA DAIFULLAH AL-OTAIBI EST

पुर्व स्वीकृति मिति २०७९/०९/२८ | LT. No.279429 | चलानी नं. : ६०१९४९००

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलब SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Tailor | 1 | 0 | 1500 | ५२,०२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०७९ माघ ६ गते (20th Jan. 2023) सम्म हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था**: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः** निःशुल्क/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Broadway Overseas Employment Service Pvt. Ltd.**
Govt. License 378/059/060
Gaushala, Pingalasthan, Ktm, Nepal. Tel. : +977 1 4475367/4475368, Fax : +977 1 4475369



## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : DARWISH PETROLEUM & INDUSTRIAL SERVICES

पूर्व स्वीकृति मिति २०७८/०९/०१ | पुन विज्ञापन स्वीकृति मिति २०७९/०९/२८ | LT. No. 253945 | चलानी नं. ६०१७०७१०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलब QR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Labourer | 11 | 0 | 1000 | ३५,७७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Painter | 10 | 0 | 1100 | ३९,३४५ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०७९ माघ ६ गते (20th Jan. 2023) सम्म हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः** निःशुल्क/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**ASIA LINK SERVICES PVT. LTD.**
श्रम ईजाजत नं ११९/०५५/०५६
Basundhara Kathmandu,Nepal, Tel: +977-01-5903260, Phone No : 985-1116133, 9851330547, 9851330557, E-mail: info@asialinkservices.com.np, Website: www.asialinkservices.com

प्रभाव दैनिक National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला - १०३४०० | प्रति तोला - १०२९०० | प्रति तोला - १३६० |

## आर्थिक समस्या समाधानका लागि सामूहिक पहल जरुरी : अर्थमन्त्री

■ प्रभाव संवाददाता

**काठमाडौं–** उपप्रधानमन्त्री तथा अर्थमन्त्री विष्णुप्रसाद पौडेलले अर्थतन्त्रमा विश्वव्यापीरूपमा देखापरेको समस्या समाधान गर्न सामूहिक पहल जरुरी रहेको बताएका छन् ।

'भ्वाइस अफ साउथ समिट'अन्तर्गत अर्थमन्त्रीहरूको सत्रलाई भर्चुअल माध्यमबाट सम्बोधन गर्दै उनले कोभिड-१९ को महामारीपछि विश्वव्यापीरूपमा आर्थिक मन्दीको संकेत देखिराखेको र त्यससँग जुध्न सामूहिक पहल गर्ने यो उपयुक्त समय भएको बताए ।



मानव विकास र आर्थिक वृद्धि सँगसँगै हुने उल्लेख गर्दै अर्थमन्त्री पौडेलले भने, 'नेपाल सन् २०२६ सम्ममा अल्पविकसित मुलुकबाट स्तरोन्नति हुने बाटोमा छ । हामी समृद्ध नेपाल, सुखी नेपालीको एजेण्डालाई अगाडि बढाउन केन्द्रित छौं ।'

आर्थिक रूपान्तरणका लागि नेपालले पूर्वाधार, शिक्षा, स्वास्थ्य सेवा र सामाजिक सुरक्षा जस्ता क्षेत्रहरूलाई प्राथमिकता दिएको र दिगो विकास लक्ष्य हासिल गर्न सन् २०१६ देखि २०३० सम्मको अवधिमा वार्षिक रु पाँच खर्ब ८५ अर्ब वित्तीय अभाव भएको उनको भनाइ छ ।

'सन् २०१९ लाई आधार वर्ष मान्दा यो कुल गार्हस्थ्य उत्पादनको १२.८ प्रतिशत हुन्छ । यो कोभिड-१९ महामारीपूर्वको अनुमान भएकोले हाल यो वित्तीय अभाव बढ्न सक्छ', अर्थमन्त्री पौडेलले भने, 'वित्तीय अभावलाई सम्बोधन गर्न हामीले उपयोगी उपकरणका रूपमा वित्तीय स्रोतका विभिन्न स्वरूपको सम्मिश्रण गर्नुपर्दछ ।'

नेपालले द्विपक्षीय र बहुपक्षीय विकास साझेदारहरूसँग सहयोगात्मक सम्बन्ध राखेको उल्लेख गर्दै उनले नेपालका विकास योजना र कार्यक्रम कार्यान्वयन गर्न पुर्‍याएको सहयोगप्रति आभार व्यक्त गरे । नेपाल विकास वित्तका दायरा विस्तार गर्न दक्षिण-दक्षिण र त्रिकोणीय सहयोगबाट लाभ प्राप्त गर्न इच्छुक रहेको बताउँदै उनले आर्थिक तथा सामाजिक विकासमा निरन्तर सहयोगका लागि भारत सरकारलाई धन्यवाद दिए ।

समिटमा नेपाल, भारत, श्रीलंका, कोलम्बियालगायत १५ देशका अर्थमन्त्रीहरूको सहभागिता रहेको अर्थ मन्त्रालयले जनाएको छ ।

## नेप्सेमा उच्च अंकको पहिरो

### ४१ अंकले परिसूचक घट्दा साढे ५ अर्बको कारोबार

■ प्रभाव संवाददाता

**काठमाडौं–** धितोपत्र बजारमा सेयर कारोबार मापक नेप्से परिसूचक बिहीबार उच्च अंकले ओरालो लागेको छ । नेपाल स्टक एक्सचेञ्जका अनुसार सेयर कारोबार हुने साताको अन्तिम दिन बिहीबार नेप्से परिसूचक ४१ दशमलव शून्य दुई अंकले ओरालो लागेर दुई हजार एक सय ४९ दशमलव ४१ मा सीमित भएको छ ।

यस्तै, ठूला कम्पनीको सेयर कारोबारमापन गर्ने सेन्सेटिभ परिसूचक सात दशमलव ८९ अंकले ओरालो लागेर चार सय ११ दशमलव २५ मा सीमित भएको छ । कारोबार भएका कूल १३ उपसमूहमध्ये १२ उपसमूहको सेयर मूल्यमा गिरावट आएको छ भने एक उपसमूहको सेयर मूल्यमा वृद्धि भएको छ ।

कारोबार भएकामध्ये २१ कम्पनीको सेयर मूल्यमा वृद्धि भएको छ । यस्तै, एक सय ८४ कम्पनीको सेयर मूल्यमा गिरावट आउँदा एक कम्पनीको सेयर मूल्यमा कुनै परिवर्तन भएको छैन । कूल एक करोड ४४ लाख ८२ हजार नौ सय ५९ कित्ता सेयर रु पाँच अर्ब ४७ करोड ७६ लाख २४ हजार सात सय २४ मूल्यमा खरिद बिक्री भए । आजको कारोबारपछि बजार पूँजीकरण रु ३१ खर्ब तीन अर्ब १५ करोड ६९ लाख ४७ हजार छ सय २५ बराबर रहेको छ ।

नेप्सेका अनुसार कारोबारका आधारमा शिवम् सिमेन्ट शीर्ष स्थानमा छ । सो कम्पनीको २२ करोड २० लाख १२ हजार एक सय ३१ बराबरको कारोबार भयो । रिडी पावर कम्पनी रु १७ करोड ८३ लाख १० हजार आठ सय २२, ड्ादी पावर कम्पनी रु १६ करोड ९४ लाख २० हजार छ सय ७०, अपि पावर कम्पनी रु १४ करोड चार लाख ४५ हजार आठ सय र माथिल्लो तामाकोसी जलविद्युत् कम्पनी रु १२ करोड ८४ लाख ९९ हजार नौ सय २३ बराबरको कारोबार भई शीर्ष पाँचभित्र पर्न सफल भए । नेप्सेका अनुसार कुमारी धनवृद्धि योजना, सिङ्गटी हाइड्रो इनर्जी र बाराही हाइड्रोपावरको सेयर मूल्यमा १० प्रतिशतले वृद्धि भई सकारात्मक सर्किट लागेको छ ।

त्यस्तै, एनआइबीएल समृद्धि फण्ड दोस्रो नौ दशमलव ३० र मध्य भोटेकोसी जलविद्युत् कम्पनीका लगानीकर्ताले सात दशमलव ६१ प्रतिशतले कमाएका छन् । त्यस्तै, गुराँस लघुवित्त नौ दशमलव १८, कालिका पावर कम्पनी आठ दशमलव ४८, बलेफी हाइड्रोपावर सात दशमलव ४४, स्वाभिमान लघुवित्त सात दशमलव ३१ र खप्तड लघुवित्तको सेयर मूल्य सात दशमलव ३० प्रतिशतले घटेको छ ।

# कर्पोरेट

## डिप्रोक्स लघुवित्त २२औ वर्षमा

डिप्रोक्स लघुवित्त वित्तीय संस्था लिमिटेड
Deprosc Laghubitta Bittiya Sanstha Limited
('D' Class Institution Licensed by Nepal Rastra Bank)

**काठमाडौं (प्रस)–** डिप्रोक्स लघुवित्त वित्तीय संस्था लिमिटेड २१ औं वर्ष पुरा गरी २२ औं वर्षमा प्रवेश गरेको छ ।

औपचारिक वित्तीय सेवाको पहुँच वाहिररहेका विपन्न ग्रामिण परिवारलाई स्तरिय, दिगो तथा भरपर्दो लघुवित्त सेवा उपलब्ध गराई उनिहरूको आर्थिक अवास्था सुधार्ने मुल उद्देश्य लिई डिप्रोक्स-नेपाल, नविल बैंक लिमिटेड, कृषि विकास बैंक लिमिटेड, नेपाल बैंक लिमिटेड, लुम्बिनी विकास बैंक लिमिटेड (तत्कालिन लुम्बिनी फाइनान्स एण्ड लिजिङ्ग कंम्पनी लिमिटेड) र सिप्रेड तथा लघुवित्त क्षेत्रका दक्ष व्यक्तिहरू समेतको संलग्नतामा २०५७ सालमा दर्ता भई नेपाल राष्ट्र बैंकबाट मिति २०५८ इजाजत प्राप्त गरी स्थापित यस संस्थाले हाल देशको ७१ जिल्लामा १४९ शाखाहरू मार्फत २ लाख ४३ हजार भन्दा बढी सदस्यहरूलाई लघुवित्त सेवा प्रदान गरिरहेको छ ।

संस्थाको स्थापना दिवश कार्यक्रमलाई पानसमा बत्ती बालेर संस्थाका अध्यक्ष दिपक खनालले उद्घाटन गरेका थिए भनेसाथै संस्थाका प्रमुख कार्यकारी अधिकृत शेषरमण आचार्यले स्वागत मन्तब्य दिएका थिए ।

उक्त अवसरमा संस्थाका अध्यक्ष खनालले २० वर्ष भन्दा बढी सेवा गरेका २८ जना कर्मचारीलाई दिर्घ सेवा पदक र प्रमाणपत्र र १५ वर्ष सेवा अवधि भएका १७ जना कर्मचारीहरूलाई मायाँको चिनो र प्रमाणपत्र प्रदान गरेका थिए ।

## नेपाल टेलिकमका सेयरधनीले प्रतिसेयर ४० रूपैयाँ पाउने




**काठमाडौं (प्रस)–** नेपाल दूरसञ्चार कम्पनी लिमिटेडको १५औं वार्षिक साधारणसभा आज सम्पन्न भएको छ । राष्ट्रिय सभा गृह, प्रदर्शनी मार्ग, काठमाडौंमा सम्पन्न भएको साधारणसभाले आर्थिक वर्ष २०७८।७९ को मुनाफा रकममध्येबाट प्रतिसेयर ४० रूपैयाँका दरले सेयरधनीहरूलाई नगद लाभांश वितरण गर्ने प्रस्ताव सर्वसम्मत पारित गरेको हो ।

साधारणसभामा करिब ९१.६ प्रतिशत सेयरधनीहरूको उपस्थिति रहेको थियो। उक्त सभाले आर्थिक वर्ष २०७८/७९ को लागि सञ्चालक समितिको वार्षिक प्रतिवेदन र लेखापरीक्षकको प्रतिवेदनसहितको आर्थिक वर्ष २०७८/७९ को वासलात, नाफा नोक्सान हिसाब, नगद प्रवाह विवरण तथा अन्य अनुसूचीहरूउपर छलफल गरी सर्वसम्मतले पारित गरेको छ ।

यसैगरी साधारणसभाले महालेखा परीक्षकको कार्यालयको परामर्श तथा कम्पनीको लेखापरीक्षण समितिको सिफारिसबमोजिम आ.व. २०७९/८० को लागि कम्पनीको लेखा परीक्षण गर्न चार्टर्ड एकाउण्टेण्ट महेशकुमार गुरागाईं र चार्टर्ड एकाउण्टेण्ट पियुष आनन्दलाई लेखापरीक्षक नियुक्त गर्नुका साथै पारिश्रमिक समेत तोकेको छ । सो अवसरमा कम्पनी सञ्चालक समितिका अध्यक्ष एवं सञ्चार तथा सूचना प्रविधि मन्त्रालयका सचिव डा. वैकुण्ठ अर्यालले साधारणसभामा उपस्थित सेयरधनीहरूलाई स्वागत गर्दै कम्पनीको पन्ध्रौं वार्षिक प्रतिवेदन पेश गरेका थिए ।

प्रतिवेदन प्रस्तुत गर्दै उनले कोभिड-१९ को महामारी तथा यसको प्रभाव र असरका बीच कम्पनीले सापेक्षित सफलता पाएको उल्लेख गर्दै दूरसञ्चार क्षेत्रको विश्वबजारमा विकास भइरहेका नवीनतम र अत्याधुनिक प्रविधिको प्रयोग गरी सेवालाई थप गुणस्तरीय बनाउने प्रतिबद्धता व्यक्त गरे ।

दूरसञ्चार क्षेत्रमा विद्यमान तीव्र प्रतिस्पर्धाको वातावरणमा पनि मुनाफाभन्दा बढी सेवाभावलाई प्राथमिकतामा राखी भौगोलिक रूपले अति विकट तथा दुर्गम क्षेत्रमा अत्याधुनिक दूरसञ्चार सेवाहरू विस्तार तथा वितरण गर्दै डिजिटल नेपाल बनाउने नेपाल सरकारको अवधारणामा सहयोग गर्ने, विद्युतीय सुशासनको क्षेत्रमा सहयोगी भूमिका निर्वाह गर्ने तथा अप्टिकल फाइबरको माध्यमबाट सूचना महामार्ग निर्माण गर्नेतर्फ कम्पनीले आफ्ना कार्यक्रमहरूलाई परिलक्षित गरेको उनले बताए ।

नेपाल टेलिकमले आर्थिक वर्ष २०७८/७९मा कुल ४४ अर्ब ३७ करोड राजस्व आम्दानी गरी ८ अर्ब ४७ करोड खुद नाफा गर्न सफल भएको छ । यो नाफा गत वर्षभन्दा १ अर्ब ३५ करोडले बढी हो । यसै आ.व.मा कम्पनीले कर तथा शुल्क वापत आफ्नो कुल आयको ५९.५२ प्रतिशत अर्थात् २६ अर्ब ४१ करोड राजस्वका रूपमा नेपाल सरकारलाई बुझाएको छ ।

## लुम्बिनी विकास बैंकका अध्यक्ष भट्टराईले लिए शपथ

**काठमाडौं (प्रस)–** लुम्बिनी विकास बैंक लिमिटेडका नवनियुक्त अध्यक्ष चिन्तामणि भट्टराईले सपथ लिएका छन् ।



कम्पनीको १५ औं बार्षिक साधारण सभाबाट निर्बिरोध निर्वाचित सञ्चालकहरू मध्ये भट्टराईलाई सञ्चालक समितीको पहिलो बैठकले सर्वसम्मत रूपमा सञ्चालक समितिको अध्यक्ष चयन गरेको थियो ।

नवनियुक्त अध्यक्ष भट्टराइले नेपाल राष्ट्र बैंकका डेपुटी गभर्नर बम बहादुर मिश्रसमक्ष बिहीबार सपथ लिएका हुन् ।

नवनियुक्त अध्यक्ष भट्टराइले त्रिभुवन विश्वविद्यालयबाट एम.वि.ए.सम्मको उच्च शिक्षा हासिल गरि विभिन्न समयमा विभिन्न संस्था तथा होटल व्यवसायको उच्च व्यवस्थापनमा संलग्न रहि कार्य अनुभव हासिल गर्नुका साथै साविक लुम्बिनी फाइनान्स एण्ड लिजीङ्ग कम्पनी लिमिटेडको प्रबन्ध निर्देशक, लुम्बिनी जनरल इन्स्युरेन्सको सञ्चालक, नाडेप लघुबित्त वित्तीय संस्थाको सञ्चालक, डिप्रोक्स लघुबित्त वित्तीय संस्थाको सञ्चालकको अनुभव रहेको छ ।

## बलियो स्क्रिनको स्मार्टफोन चाँडै नेपाली बजारमा

**काठमाडौं (प्रस)–** नेपाली बजारमा होनर एक्स९ए भित्रिने तयारीमा छ ।




विश्वव्यापी रूपमा लन्च भएको करिब एक हप्ता पछि सेल्ट्रोन नेपालले होनर एक्स९ए नेपाली बजारमा लन्च गर्ने तयारी गरेको हो। सबैभन्दा बलियो स्क्रिन भएको स्मार्टफोनको रूपमा पनि चिनिने यो मोबाइल जनवरी १८ देखि नेपाली बजारमा उपलब्ध हुनेछ ।

होनर एक्स९ए १६ जनवरीदेखि दराजमा प्रि-बुकिङका लागि उपलब्ध हुनेछ। अग्रिम बुकिङ गर्ने ग्राहकहरूले रु. ५,४९०/- मूल्यको इयरबड निःशुल्क पाउने कम्पनीले जनाएको छ । ६.६७ इन्च कर्भ डिस्प्ले भएको होनर एक्स९ए उत्कृष्ट मिड-रेन्ज स्मार्टफोनहरू मध्ये एक मान्न सकिन्छ । ५१०० एमएएच ब्याट्रि क्षमता रहेको यस मोबाइलमा पछाडि ट्रिपल क्यामेरा छ । जसमा ६४ मेगा पिक्सेलको मुख्य क्यामेरा, ५ मेगापिक्सेलको अल्ट्रा र डेप्थ क्यामेरा र २ मेगा पिक्सेलको म्याक्रो क्यामेरा समावेश छ। नेपालमा यसको मूल्य रु. ४५ हजार ९९० तोकिएको छ ।

## सानिमा बैंकको भिसा कार्ड प्रयोगकर्तालाई छुट

**काठमाडौं (प्रस)–** सानिमा बैंकले सानिमा भिसा कार्ड प्रयोगकर्ताहरूलाई नेपालको विभिन्न मर्चेन्टहरूमा विशेष छुट उपलब्ध गराएको छ ।

ग्राहकहरूले सानिमा बैंकको भिसा कार्ड मार्फत भुक्तानी गर्दा ४० प्रतिशतसम्म छुटको लाभ लिन सक्नेछन् । काठमाडौं, ललितपुर, भैरहवा, वीरगन्ज, चितवन र पोखराको ३३२ मर्चेन्टहरूमा छुट उपलब्ध हुने जनाएको छ । साथै, सहकार्य भएका मर्चेन्टहरूको




विवरण, छुटको विवरण र छुट अवधि बैंकको आधिकारिक वेबसाइटमा उपलब्ध रहेको बैंकले जनाएको छ ।

सानिमा बैंकको देशका सातै प्रदेशमा १३० वटा कार्यालय तथा १२३ वटा ए.टि.एम. संचालनमा रहेका छन् । साथै, सानिमा बैंकको डेबिट तथा क्रेडिट कार्ड तथा मोबाइल बैंकिङ्ग एप प्रयोग गर्दा विभिन्न अस्पताल, सपिङ्ग आउटलेट, होटेल, रेष्टुरेन्ट आदिमा विशेष छुटको व्यवस्था रहेको छ ।

## लक्ष्मी बैंकको २२ औं साधारणसभा




**काठमाडौं (प्रस)–** लक्ष्मी बैंक लिमिटेडको २२औं वार्षिक साधारणसभा सम्पन्न भएको छ । बिहीबार राजधानीमा सम्पन्न भएको साधारणसभाले आर्थिक वर्ष २०७८/७९ का लागि संचालक समितिको प्रतिवेदन तथा सोही आर्थिक वर्षको बैंकको वित्तीय विवरण उपर छलफल गरी स्वीकृत गरेको छ । साथै आर्थिक वर्ष २०७९/८० का लागि लेखापरिक्षकको नियुक्ति समेत गरेको छ ।

त्यस्तै सभाले आ.व. २०७८/७९ मा रु १३९ अर्ब निक्षेप र रु १३२ अर्ब कर्जा पुऱ्याएको यस बैंकको वासलातको आकार रु १७३ अर्ब रहेको छ । सो आ.व.मा बैंकले १ अर्ब ५१ करोड रूपैंया खुद मुनाफा आर्जन गर्न सफल भएको विवरण पेश गरेको छ ।

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook
www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रणः एक्सप्रेस कलर प्रेस, कार्यालयः काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेलः prabhabdailynews@gmail.com, विज्ञापनका लागिः marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशकः कृष्णबहादुर कार्की, सम्पादकः विष्णु तामाङ